कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP)

प्रदेश स्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय (PMO)

IFAD
Investing in rural people

वीरेन्द्रनगर, सुर्खेत

साना तथा मझौलास्तर कृषि सामग्री उत्पादन तथा बजारीकरणको लागि (MSMEs) WINDOW-3 अन्तर्गत सह-लगानी कार्यक्रममा निवेदन पेस गर्ने सूचना

(सूचना प्रकाशित मिति: २०८३/०६/२८ गते)

उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम (R-HVAP), प्रदेशस्तर कार्यक्रम व्यवस्थापन कार्यालय (PMO), सुर्खेत को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यक्रम लागू भएका स्थानीय तहहरूमा बजारकेन्द्रित पर्यावरणीय कृषि (Agroecological Production) उत्पादनको लागि साना तथा मझौलास्तर कृषि सामग्री उत्पादन, प्रशोधन तथा बजारीकरण सुदृढीकरणका लागि सह-लगानी कार्यक्रममा इच्छुक निजी फर्म, कृषि उद्यमी, समुह/सहकारी, प्रशोधनकर्ता, कृषि सामग्री/जैविक मल तथा विषादी उत्पादक, नर्सरी सञ्चालक, भण्डारण तथा बजारीकरण व्यवसायीबाट यस कार्यालयको वेबसाइट pmorhvap.karnali.gov.np को अनुदान व्यवस्थापन सफ्टवेयर SMS अनलाईन मार्फत वा यस कार्यालयमा तोकिएको निवेदन अनुसूची ढाँचा अनुसार निवेदन पेश गर्न हुन अनुरोध छ ।

१. WINDOW 3 का लागि सह-लगानी उपलब्ध गराइने मुख्य क्षेत्रहरू:

क. स्थानीय जैविक मल तथा जैविक विषादी (Bio-fertilizer & Bio-pesticide) उत्पादन केन्द्र स्थापना वा स्तरोन्नति।

ख. उन्नत/स्थानीय जैविक बीउबिजन, बिरुवा नर्सरी, कृषि तथा पशुपंक्षी स्रोत केन्द्र (Resource Centre) स्थापना।

ग. साना प्रशोधन उद्योग (Processing Units), ग्रेडिङ तथा प्याकेजिङ सुविधाहरू।

घ. नवीकरणीय ऊर्जा (Solar/Biogas) आधारित कृषि औजार, तथा प्रविधि।

ङ. कृषि उपजको बजारीकरण, ब्रान्डिङ, गुणस्तर प्रमाणीकरण (Organic/PGS Certification)।

२. आवेदकको योग्यता तथा सुविधाहरु:

- उत्पादन, प्रशोधन, तथा बजारीकरण लागि सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको अनुभव भएको।
- आवेदक MSMEs ले प्रत्येक १,००० अमेरिकी डलर अनुदान बराबर कम्तीमा ४ वटा साना कृषक घरधुरीहरूलाई सेवा प्रदान गर्ने वा उनीहरूको उत्पादन खरिद/बजारीकरण सुदृढ गर्ने कार्ययोजना।
- निवेदन वर्षभरि खुला रहनेछ। निवेदन दिन कुनै शुल्क/राजश्व लाग्ने छैन। एक पटक निवेदन दिइसकेका साना तथा मझौला उद्यमले सोही कार्यक्रमका लागि पुनः निवेदन दिनुपर्ने छैन।

३. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

क. संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (Certificate of registration) तथा

ख. प्रबन्धपत्र र नियमावली (कम्पनीको हकमा),

ग. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्र (Tax clearance letter) तथा लेखापरीक्षण,

घ. MSMEs को आधिकारिक संस्थागत निर्णय

ङ. कालोसूचिमा नपरेको, दोहोरो सुविधा नलिएको स्व-घोषणा पत्र तथा स्वलगानी गर्ने श्रोत र प्रतिवद्धता पत्र,

च. सञ्चालकको नागरिकताको प्रतिलिपि,

छ. पूर्वाधार निर्माणको हकमा व्यवसाय सञ्चालन भइरहेको वा गरिने ठाउँको जमिन सम्बन्धित फर्म, कम्पनी वा उद्योगको नाममा रहेको जग्गा धनी प्रमाणपूर्जा

ज. विगत ३ वर्षमा कुनै पनि सरकारी वा गैर-सरकारी निकायबाट सोही कार्य/गतिविधिका लागि सह-लगानी वा अनुदान नलिएको स्वघोषणा तथा प्रतिबद्दता।

४. आशय पत्र छोटो सुचिका लागि (Short List) स्वीकृत भएको अवस्थामा आशय पत्र दाताले तपसिल बमोजिमका कागजातहरू पेश गर्नु पर्नेछ।

४.१. वित्तीय क्षमता र सह-लगानीको प्रमाण

- **बैंक खाताको विवरण (Bank Statement):** उद्यमीसँग आफ्नो हिस्साको लगानी गर्न पर्याप्त मौज्दात (Balance) रहेको प्रमाणित गर्ने पछिल्लो ३ देखि ६ महिनाको बैंक स्टेटमेन्ट.
- **बैंक स्वीकृति पत्र (Bank Credit Line/Loan Sanction Letter):** यदि उद्यमीले सह-लगानीको रकम बैंक ऋणमार्फत व्यहोर्ने हो भने बैंकले ऋण लगानी गर्न दिएको पूर्व-स्वीकृति पत्र.
- **कार्यसम्पादन ग्यारेन्टी (Performance Guarantee):** प्रस्ताव छनोट पश्चात नियमअनुसार पेस गर्नुपर्छ।

४.२. प्राविधिक तथा योजनागत कागजातहरू:

- **विस्तृत व्यवसाय योजना (Business Plan/):** कार्यक्रमअन्तर्गत गरिने कार्यको उद्देश्य, कुल लागत, बजार विश्लेषण, सह लगानी बाट Producers Organizations (Pos) हरूलाई दिने सेवाको विवरण रलगानी बाट प्रतिफल देखिने स्पष्ट योजना।
- सह-लगानी हुने क्षेत्र (मेसिनरी, भवन, प्रविधि आदि) को आवश्यकताअनुसार इन्जिनियरिङ स्टिमेट ।

५. कार्यक्रम सञ्चालन हुने क्षेत्रहरु:

- दैलेख र सुर्खेत जिल्लाका सबै स्थानीय तहहरु ।

६. सह-लगानी सिमा:

- R-HVAP कार्यक्रमको कुल लागतको अधिकतम ५०% (प्रति उद्यमी बढीमा १,००,००० अमेरिकी डलर) सम्म सह-लगानी सिमा रहनेछ।

थप जानकारीको लागि

यस कार्यालयको सम्पर्क नम्बर ०८३-५९०२६९ वा
सूचना अधिकारीको नम्बर ९८५८०२८२६५ मा सम्पर्क गर्न सक्नुहुनेछ।

[अनुसूची - २: साना तथा मझौलास्तर कृषि सामाग्री उत्पादन तथा बजारीकरणको लागि (MSMEs) WINDOW-3 अन्तरगत सह-लगानी कार्यक्रमका लागि निवेदनको ढाँचा]

मितिः...............................

श्रीमान कार्यालय प्रमुख ज्यू,

उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम (R-HVAP, PMO), सुर्खेत

विषय: **साना तथा मझौला उद्यम (MSMEs) संग सह-लगानी कार्यक्रमको लागि आशय निवेदन सम्वन्धमा।**

महोदय,

तहाँ कार्यालयबाट मिति.. .... मा प्रकाशित सूचना अनुसार संचालन हुन लागेको .... कार्यकम मा इच्छुक भएकाले तपसिल बमोजिमको क्रियाकलापहरु (उप-आयोजना) संचालन गर्न आर्थिक/प्राविधिक/लागत साझेदारी सहयोगको लागि सुचिकृत हुन यो निवेदन पेश गरेको छु/छौं।

<u>तपसिल</u>

१. उप आयोजनाको सामान्य विवरण

उप आयोजनाको नाम		
उप आयोजनाको कार्य अवधि (Sub-project Period)	मिति : .... देखि : . ... सम्म	
कूल लगानी (Total Investment)	अङ्कमा (In numbers): रु.	
	अक्षरमा (In words):	

२. आवेदकको विवरण

संस्था/फर्मको नाम **(Name of Organization)**	
दर्ता कार्यालय र दर्ता मिति (Registered Office & Date)	
स्थायी लेखा नम्बर (PAN No.)	
ठेगाना (Address)	
सम्पर्क व्यक्ति र फोन नं. (Contact Person & Contact Number)	
ईमेल (Email)	

३. संस्थाको परिचय

(कानूनी स्थिति, अनुभव, हाल सञ्चालनमा रहेका क्रियकालपाहरु, बार्षिक कारोबार, बजार पहूँच/सम्बन्ध र जनशक्ति)

क्र.सं.	विवरणको क्षेत्र	विस्तृत विवरण
१	कानूनी स्थिति	दर्ता प्रकार (प्राईभेट लिमिटेड/सहकारी/फर्म/साझेदारी) : दर्ता नम्बर र निकाय :
२	अनुभव	सम्बन्धित क्षेत्र वा व्यवसायमा रहेको कार्य अनुभव (बर्षमा):
३	हाल सञ्चालनमा रहेका क्रियाकलापहरु	संस्थाले हाल सञ्चालन गरिरहेका मुख्य मुख्य व्यवसायिक गतिविधि तथा उत्पादनहरु • • • • •
४	बार्षिक कारोबार	**विगत ३ आर्थिक बर्षको कारोबार (रु)** आ.व. २०८०/०८१ : आ.व. २०८१/०८२ : आ.व. २०८२/०८३ :
५	बजार पहूँच/सम्बन्ध	उत्पादन/सेवा विक्रि वितरण गर्ने मुख्य बजारहरु क्रेता/सप्लायर्सहरुसँगको सम्बन्ध तथा सम्झौताको विवरण :
६	जनशक्ति	हाल कार्यरत कुल कर्मचारी/श्रमिक संख्या : प्राविधिक जनशक्ति : प्रशासनिक/अन्य जनशक्ति :

४. स्वट विश्लेषण (SWOT Analysis)

सबल पक्ष	दुर्बल पक्ष
अवसरहरु	**चुनौतीहरु**

सबल पक्ष	दुर्बल पक्ष

५. प्रस्तावित कार्यक्रम/क्रियाकलापहरु :

(प्रस्तावित कार्यक्रम/क्रियाकलापले संस्थाको कमजोर पक्षहरु सुधार गर्न तथा सबल पक्षको अभिवृद्धि गर्न कसरी मद्दत गर्दछ?)

६. अपेक्षित प्रतिफलहरु :

७. उत्पादक संस्था (PO) हरुलाई सहयोग :

उत्पादक संस्थाहरुलाई सहयोग तथा समन्वयव गर्ने विधि **(Modality of support and linkage):**

८. सह लगानी तथा पूर्वाधार विकास योजना :

क्र.सं.	क्रियाकलाप	इकाई	परिमाण	दर (रु)	कूल लागत (रु)	योगदान (Contribution)		कैफियत
						MSME Co investment	R-HVAP (Co investment)	
१								

क्र.सं.	क्रियाकलाप	इकाई	परिमाण	दर (रु)	कूल लागत (रु)	योगदान (Contribution)		कैफियत
						MSME Co investment	**R-HVAP (Co investment)**	
२								
३								
४								
५								
६								
७								
८								

९. सह लगानी तथा पूर्वाधार विकास योजना सञ्चाल गर्न सहलगानीको श्रोत उल्लेख गर्नुहोस् ?

१०. स्व-घोषणा तथा हस्ताक्षर :

म/हामी घोषणा गर्दछौं की यस संस्थाले प्रस्तावित क्रियाकलाप सञ्चालन गर्न विगत ३ बर्षमा कुनै पनि सरकारी वा गैर-सरकारी निकायबाट कुनै प्रकारको अनुदान/सहयोग प्राप्त गरेको छैन।

नाम : पद : मिति : हस्ताक्षर :	संस्थाको छाप **(Stamp)** :